# माथागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# झडेवा, पाल्पा

## गाउँपालिकाको अनुरोध

- गाउँपालिकाको स्वीकृत बिना कुनैपनि अवैद्य संरचना निर्माण नगरौं।
- भवन निर्माण गर्दा नक्सा पास गराएर मात्र निर्माण गरौं।
- सुरक्षित र भूकम्प प्रतिरोधात्मक संरचना निर्माण गरौं।
- बाटोको क्षेत्राधिकार भित्र कुनै पनि प्रकारको भवन निर्माण नगरौं।
- नक्सा पास नभई निर्माण भएको घरको तोकिएको म्याद भित्र अभिलेख दर्ता गरौं।
- भवन निर्माण समाप्त भएपछि समयमै सम्पन्न प्रमाणपत्र लिऔं।

"हाम्रो माथागढी, हाम्रो शान:समृद्ध माथागढी हाम्रो पहिचान"

# जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरु

- जग्गा बिक्रि गर्ने वास्तविक व्यक्ति बुझेर सो जग्गा निजको हकभोगमा छ/छैन प्रष्ट हुनुपर्ने।
- कित्ताको मोठ श्रेस्ता, फोटो र तीनपुस्ते ठिक भए/नभएको एकिन गर्ने।
- कित्ताकाट गरी लिनुपर्नेमा नक्सा तथा जमिन बमोजिमको कुन तर्फ क्षेत्रफल लिने हो आफै प्रष्ट हुने
- कुनै अड्डा/अदालत वा अन्य कुनै कार्यालयलमा जग्गा रोक्का वा झगडा भए/नभएको बारेमा आफु प्रष्ट हुने
- जग्गा र नक्सामा प्रष्टरुपमा बाटो छ/छैन राम्ररी बुझ्नु।
- लिने दिने मुल्य सम्बन्धमा स्वयं लिनेदिने नै स्पष्ट हुने।
- जग्गामा गरेको हकभोगको आकार प्रकार र क्षेत्रफल नक्सा बमोजिम मिल्छ मिल्दैन एकिन गर्ने।
- अंशियार हकवाला/मोहीको सम्बन्धमा बुझी लिखतमा साक्षी राख्नु पर्ने अवस्थामा लिखत पारित गर्दा नै साक्षी राख्नु व्यवस्था गर्ने।
- घर/टहरा भएकोमा सो स्वामित्व हस्तान्तरण हुने भएमा लिखतमा खुलाउने।
- जग्गा रैकर वा गुठी के हो प्रष्ट हुने।
- जग्गामा मोही भए/नभएको फिल्डबुक तथा मालपोतमा हेरी प्रष्ट हुने।
- लालपुर्जा, जमिन र नक्साको क्षेत्रफल मिल्छ/मिल्दैन एकिन गर्ने।
- कित्ताको चारैतर्फको सिमाना विवाद भए/नभएको जमिनमा नै गई साँध संधियारहरुबाट बुझ्ने।
- नक्सा बमोजिमको जमिनमा चारैतर्फ सिमाना एकिन गर्न रेखांकन गराउने
- खरिद हुने जग्गा वर्गीकरण अनुसार कुन वर्ग/क्षेत्रमा [पर्छ स्पष्ट हुने]
- लिखत रजिष्टेसन भैसकेपछी संशोधन गर्न झन्झटिलो हुने तथा नमिल्ने हुँदा पारित हुनु अगावै अवामित्व प्राप्त गर्नेले सो अचल सम्पत्तिकोझ कानुनी हैसियत सम्बन्धमा एकिन गरि मात्र पारित गर्नुपर्छ।

"हाम्रो माथागढी, हाम्रो शानःसमृद्ध माथागढी हाम्रो पहिचान"